जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २७३ २०८२ साल जेठ २२ गते बिहीबार (5 June 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु परिवर्तनको ... ३ पृष्ठमा : गणतन्त्र र धर्म निरपेक्षताको ... ३ पृष्ठमा : गाजामा २०० पत्रकार ...

## आर्थिक वर्षको पूर्वसन्ध्यामा राजविराज नगरपालिकामा एकपछी अर्को आन्दोलन

# सरसफाई कर्मचारी, घाइतेको उपचार खर्च माग्दै गरिएको आन्दोलन नसकिदै अब कर्मचारी नै आन्दोलित

**नवीनकुमार गुप्ता**
**राजविराज, २१ जेठ ।**

आर्थिक वर्षको पूर्वसन्ध्यामा राजविराज नगरपालिकामा एकपछी अर्को आन्दोलन भएपछी विभिन्न विकासीय योजनाहरु अलपत्र हुने भएको छ ।

गत साता मात्र नगरपालिकाकै सरसफाई कर्मचारीहरु गत वर्षको १६ दिनको बाँकी रहेको तलबको माग गर्दै आन्दोलित भएका थिए । उनीहरुको माग पुरा भए लगत्तै गत वर्षको माघ १ गते नगरपालिकाको गाडीबाट जिल्लाको बादेबरसाइन नगरपालिकाका एक बालक घाइते भएपछी उनको उपचार खर्चको माग गर्दै परिवारजन र स्थानीय नगरपालिकामै धर्ना बसेका थिए ।

नगरपालिकाले घाइतेको उपचार खर्च उपलब्ध गराउने प्रतिबद्धता जनाएपछी सो आन्दोलन पनि स्थगित भयो । धर्ना आन्दोलन स्थगित भए लगत्तै नगरपालिकाकै कर्मचारीहरु विभिन्न ११ बुँदे माग राख्दै बुधबारदेखी आन्दोलनमा उत्रेका छन् । राजविराज नगरपालिका कार्यालयमा एकपछि अर्को आन्दोलनका कारण विभिन्न कामकाज अस्तव्यस्त हुन थालेको छ ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएशन इकाइ समिति राजविराज नगरपालिकाकी अध्यक्ष कल्पना देवको अगुवाईमा नगरपालिकाका प्रवक्ता समेत रहेका वडाअध्यक्ष जयनारायण मण्डललाई बुझाइएको ज्ञापन पत्रमा ११ बुंदे मागसहित चरणबद्ध आन्दोलनका कार्यक्रम समेत घोषणा गरिएको छ ।

ज्ञापनपत्रमा नगरपालिकाको कार्यपालिकाको कानुन सम्मत निर्णय नमान्ने र आफुखुशी स्वेच्छाचारी ढंगले काम गर्ने प्रमुख प्रशासकिय अधिकृत डा.श्रवण साह र कर्मचारीको मानसम्मान माथी पटक/पटक आघात पुऱ्याउने गरी काम गर्ने योजना शाखाका प्रमुख मनोज कुमार यादवमाथी कारवाही गर्दै सरुवा गर्नु पर्ने प्रमुख माग राखिएको छ ।

यस्तै १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक कुमार दासलाई





कार्यपालिकाको निर्णय बगैर एकलौटी ढगले प्रमुख प्रशासकिय अधिकृत डा.साहले करार सम्झौता भंग गरेको निर्णय फिर्ता लिनु पर्ने, गत आ.ब.२०८०/०८१ मा वडा कार्यालयमा काम गरे वापत दैनिक ज्यालादारी कर्मचारीको बाँकी रहेको १६ दिनको तलब अविलम्ब भुक्तानी गर्नुपर्ने, कर्मचारीको दुर्घटना बिमाको व्यवस्था तथा निमित्त प्रमुख प्रशासकिय अधिकृत बरिष्ठतम कर्मचारीलाई मात्र दिनु पर्ने लगायतका माग अघि सारिएको छ ।

ज्ञापनपत्र मार्फत उक्त मागहरु पुरा नगरिए जेठ २२ गते विहिवारदेखी कालो पट्टी बाँधेर काम गर्ने तथा दैनिक २ घण्टा पेन डाउन गरी धर्ना, जेठ २५ गते प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्षमा तालाबन्दी तथा जेठ २८ गतेदेखी असार १ गते सम्म अतिआवश्यक सेवा बाहेक सबै कामकाज बन्द गरी धर्नामा वस्ने कार्यक्रम घोषणा गरिएको छ । त्यसपछी पनि माग सम्बोधन नभए दोश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रको बोदार्थ प्रमुख जिल्ला अधिकारी भोला दाहाल, नगरपालिका प्रमुख प्रशासकिय अधिकृत डा. श्रवण साह, पत्रकार महासंघका सभापती श्रवण कुमार देवलाई समेत दिइएको छ ।

## हायस र ट्रक ठोकिँदा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, २१ जेठ ।**

पूर्व-पश्चिमको महेन्द्र राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर-१ मङ्गलपुरमा सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

बुधबार बिहान सर्लाहीको बरहथवाबाट चन्द्रनिगाहपुरतर्फ आउँदै गरेको बाप्र ०३- ००१ ज ०४५२ नम्बरको हाइस र विपरित दिशातर्फ जाँदै गरेको मप्र ०३-००१ ख ८६०० नम्बरको ट्रक ठोकिँदा रामनगर गाउँपालिका-१ खैरवा बस्ने ३६ वर्षीया भगियादेवी र सोही गाउँका ३० वर्षीय धिरेन्द्र ठाकुरको मृत्यु मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिएका छन् । उनका अनुसार दुवै जनाको चन्द्रनिगाहपुरस्थित चन्द्रपुर अस्पताल प्रालिमा उपचारका क्रममा मृत्यु भएको हो ।

घाइते हुनेमा सर्लाहीको रामनगर-१ खैरवाका मृतक भगियादेवीकी १८ वर्षीया छोरी रिनाकुमारी यादव र रौतहटको

***बाँकी अन्तिम पृष्ठमा***

## जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस मनाईयो



**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

सयुक्त राजनैतिक दलित संघर्ष समिति सप्तरीको आयोजनामा १९ औ जातिय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस बुधवार सप्तरीमा पनि मनाइएको छ ।

समितिका जिल्ला अध्यक्ष भुवनेश्वर साफीको अध्यक्षता तथा सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाको प्रमुख अतिथ्यमा दिवस मनाईएको हो ।

कार्यक्रममा प्रहरी उपरीक्षक खतिवडाले दलित सम्बन्धित ऐन कानुन ब्यवहारमा लागु गर्न ,समय सापेक्ष ऐन कानुनमा सुधारमा ध्यान पुऱ्याउन सुझाव दिदै जिल्लामा तिन दिन भित्र ठाडौ उजुरीका लागी दलित कर्मचारीसहित दलित सहयोग डेस्क स्थापना गर्ने प्रतिबद्धता जनाएका छन् । उनले दलितसग भएका घटनाहरुको तदारुकताका साथ अनुसनधान लगायतका प्रकृया अगाडी बढाउने जनाए ।

सो अवसरमा सप्तरीमा जातिय भेदभाव तथा छुवाछुत, बलात्कार, उठीवास लगायतका घटनाका बारेमा बक्ताहरुले आ-आफनो धारणा राखेका थिए ।

कार्यक्रममा राष्ट्रिय दलित अयोगका पूर्व सदस्य बौवालाल

***बाँकी अन्तिम पृष्ठमा***

**डिप्रेसनका लक्षण**

मानसिक रुपमा:
❖ उदास, निराश वा एक्लोपन महसुस गर्नु,
❖ कुनै पनि कुरामा चासो नलिनु वा कम हुनु,
❖ आत्मबल घट्नु वा आत्मग्लानि हुनु वा दोषी महसुस हुनु,
❖ निर्णय लिन नसक्नु वा कठिन हुनु,
❖ आत्महत्याका विचार आउनु,
शारीरिक र व्यवहारिक लक्षणहरू:
❖ निन्द्रा कम लाग्नु तथा सुत्न नसक्नु,
❖ भोक नलाग्नु वा अत्यधिक भोक लाग्नु,
❖ तौलमा परिवर्तन आउनु,
❖ सामान्य काममा थकान महसुस हुनु,
❖ पुरै शरीर दुख्नु वा शरीरका कुनै भागमा पीडा महशुस हुनु,
❖ सामाजिक गतिविधिमा चासो नहुनु,
यस्ता लक्षण देखिएमा चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वास्थ्य सेवामा ध्यान पुऱ्याऔं

अहिले नेपाल सरकारले स्वास्थ्य क्षेत्रको सुधारका लागि निकै कार्यक्रमहरु ल्याइरहेको छ। खासगरि महिला, बालबालिका, जेष्ठ नागरि लगायतलाई सुविधा प्रदान गर्न विभिन्न कार्यक्रम ल्याएको छ। सरकारले स्वास्थ्य वीमालाई पहिलो प्राथमिकतामा राखेको छ। जेष्ठ नागरिकलाई यो विमा कार्यक्रम निशुल्क रुपमा प्रदान गर्दै आइरहेको छ। यति मात्र नभई न्यूनतम शुल्कमा एउटै परिवारको पाँच जनालाई वर्षेणी स्वास्थ्य विमा कार्यक्रम लागु गरेपछी यो लोकप्रिय समेत बनेको छ।

तर अहिले पनि सरकारी स्वास्थ्य विमा कार्यक्रममा जनता जोडिन् सकेका छैनन्। सूचनाको अभाव तथा स्थानीय तहका कर्मचारीहरुको लापरवाहीका कारण यस स्वास्थ्य विमा कार्यक्रम चाहे जतिको लोकप्रियता हासिल गर्न सकेको छैन्। यसबाहेक सप्तरीका विभिन्न सरकारी तथा निजि अस्पतालमा स्वास्थ्य सेवा खासै सुधारोन्मुख भएको देखिन्न्। दक्ष जनशक्ति तथा उपकरणको अभावमा यस्तो अवस्था आएको हो। एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंहमा दक्ष चिकित्सकको अभाव अहिले पनि यथावतै रहेको छ। विभिन्न आधुनिक उपकरणका बाबजुद यहाँ भरपर्दो सेवाको अभाव रहेको छ।

जिल्लाको स्वास्थ्य सेवाको अवस्थामा गुणात्मक रुपमा कमजोर रहेपनि यसमा सुधारको अवस्था प्रसस्त छ। तसर्थ अस्पताल प्रशासनले दक्ष चिकित्सकहरुलाई परिचालन गरेर यसलाई सुधार गर्नुका साथै मानिसहरुले आफ्नो मानसिकतामा परिवर्तन गर्नु पनि उत्तिकै जरुरी छ। यसबाहेक स्थानीय तहहरुले पनि सरकारी स्वास्थ्य विमा तथा अन्य स्वास्थ्य सेवा बारे गम्भिरतापूर्वक सोच्नु पर्ने बेला आएको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


## सन्दर्भ : विश्व वातावरण दिवस

# जलवायु परिवर्तनको चुनौति र हाम्रो दायित्व



राजेश झा

आज जुन ५ तारिख, विश्व वातावरण दिवस। संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन शुरु गरिएको हो। विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ। नेपालमा यसबर्ष *"प्लाष्टिक प्रदुषण नियन्त्रण : हाम्रो दायित्व"* भन्ने नारा तय गरिएको छ भने संयुक्त राष्ट्रसंघले *"पुटिङ्ग एन एण्ड टु प्लाष्टिक पोलुसन"* नारा तय गरेको छ।

विश्वभर वातावरण दिवस मनाईरहँदा यस बर्ष भने मनसुन समयभन्दा अगावै सुरु भएको छ। सामान्यतया जुन १३ (जेठ मसान्त) मा भित्रिने गरेको मनसुन यस बर्ष जेठ १८ गते नै पूर्वी नेपालबाट भित्रिएको छ। यस बर्ष औषतभन्दा बढी बर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले आँकलन गरेको छ। अत्यधिक गर्मीका कारण लु लाग्न सक्ने समेत बताइएको छ। एकातिर प्लाष्टिक हाम्रो जीवनको अभिन्न अंग बनिसकेको छ भने अर्कोतिर चाडो नगल्ने, नसड्ने गुणको कारण पर्यावरण र जनस्वास्थ्यका लागि भयंकर खतरा सावित हुँदै गइरहेको छ।

मौसम, पानी, किरा फट्यांग्रा लगायत जीवाणु, विषाणु, लेउ, भ्याउ र ढुसी पनि यसलाई गलाउन असक्षम सावित भइसकेका छन्। अम्ल, क्षार, लवणलगायत अन्य रसायनहरूसँग क्रिया गराउँदा पनि प्लाष्टिकलाई गलाउन नसकिने हुँदा प्लाष्टिकको फोहोर हाम्रो वातावरणमा दिनप्रतिदिन बढिरहेको छ। विशेषतः पर्यावरणीय समस्याका साथसाथै अदृश्य रुपमा जनस्वास्थ्यमा देखा परिरहेका भयावह रोगहरुका कारण पनि प्लाष्टिकलाई नै मान्न थालिएको छ। हाम्रो वरिवरि रहेको प्लाष्टिकजन्य वस्तुले पनि गर्मी बढाउनमा मद्त पुऱ्याइरहेको छ।

कार्बन उत्सर्जन बढिरहेको कारण विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ। जलवायु परिवर्तनको अवस्था अहिले विश्वब्यापी रुपम पहिलो खतराको रुपमा देखापरेको छ। जलवायु परिवर्तनबाट हुने असरको हिसाबले नेपाल अति प्रभावित मुलुकहरुमध्ये चौथो स्थानमा रहेको छ। जुन सर्वोच्च जोखिमपूर्ण अवस्था हो। बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा छ। भुकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा रहेको छ भने मिश्रित विपदहरुको जोखिमका सन्दर्भमा १६औं स्थानमा रहेको छ।

जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो। एकातिर जलवायु परिवर्तनका असरहरुबाट पनि उच्च जोखिममा रहेको छ भने अर्कोतिर तापक्रम बढ्दै जानुको साथै वर्षा अत्यधिक हुने अनुमान छ। जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै गएको छ। जसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ। जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भएतापनि विपदको अवस्थामा बालबालिका सबैभन्दा बढी जोखिममा पर्ने गर्दछन्। यस्ता प्रकोपहरुले बालबालिकालाई शारीरिक र मानसिक जोखिम पार्नुको साथै वयस्कहरुमा भन्दा उनीहरुमा उक्त असर लामो समयसम्म रहन्छ। विपद तथा जलवायुजन्य जोखिम मुल्यांकन र बालबालिकामाथिको जोखिमका साथै उनीहरुको विशेष आवश्यकताहरुको महत्वलाई जोड दिनका लागि बालबालिका केन्द्रित विपद जोखिम न्युनीकरण कार्यक्रमको प्रबर्द्धन गर्नु आवश्यक छ।

> "विश्वभर वातावरण दिवस मनाईरहँदा यस बर्ष भने मनसुन समयभन्दा अगावै सुरु भएको छ। सामान्यतया जुन १३ (जेठ मसान्त) मा भित्रिने गरेको मनसुन यस बर्ष जेठ १८ गते नै पूर्वी नेपालबाट भित्रिएको छ। यस बर्ष औषतभन्दा बढी बर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले आँकलन गरेको छ। अत्यधिक गर्मीका कारण लु लाग्न सक्ने समेत बताइएको छ।"

बढ्दो तापक्रमका कारण हिमाली भेगमा रहेको हिउँ पग्लिने क्रम बढ्दो छ जसले गर्दा हिमाल सबैभन्दा बढी खतरामा रहेको छ। हिमनदीहरुको क्षेत्रफल पछिल्लो ३० बर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र( ईसिमोड) को अध्ययनले देखाएको छ। विश्वव्यापी जलवायु सम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन्। अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो। त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ। पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ। तर विगत २० वर्ष मै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ।

नेपाल सरकारले जलवायु परिवर्तनमा जलवायु उत्थानशील समाजको निर्माण गर्ने सोच, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पेरिस सम्झौताअनुरूप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु, जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरण मैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने उद्देश्य राखेको छ।

उक्त उद्देश्य पूरा गर्न जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत सरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने, समुदायको संकटासन्नता घटाई समयानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ। जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने, स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने, जलवायु वित्तमा सहज पहुँचका लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरूलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पुऱ्याउन जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता विकासका कार्यहरू गर्ने रणनीति अवलम्बन गरिएको छ।

नेपालमा जलवायु परिवर्तनलाई सधैं चुनौतीका रूपमा मात्र नलिई यसलाई एउटा अवसरको रुपमा पनि लिनु पर्दछ। निजी क्षेत्र र युवा पिँढीलाई जलवायु परिवर्तनतर्फ आकर्षण गर्नु आवश्यक छ। भनिन्छ, बालबालिका परिवर्तनका संवाहक हुन्। बालबालिकामार्फत विपद्जन्य घटनाहरुबाट जोगिन सन्देश प्रवाह गर्दा प्रभावकारी हुने गरेको छ।

जलवायु परिवर्तन, यसका असर र यसबाट जोगिन अवलम्बन गर्नुपर्ने उपायहरुका बारेमा समुदायलाई सचेत गराउनु अति आवश्यक देखिएको छ। सबै पालिका तथा विद्यालयहरुमा बाल क्लब गठन गरि क्षमता विकास गर्दै उनीहरुलाई परिचालन गर्नुपर्ने जरुरी देखिन्छ। जलवायु परिवर्तन सम्बन्धी सन्देश प्रवाह गर्न बालबालिका भरपर्दा र विश्वासिलो माध्यम हुन सक्छ।

आगामी आर्थिक बर्ष २०८२/०८३ कोलागि योजना तर्जुमा गर्ने प्रक्रिया अहिले सबै पालिकामा सञ्चालन भएको अवस्था छ। योजना तर्जुमाको वस्ती स्तरबाटै जलवायु परिवर्तनका कारण समुदायले झेलिरहेको समस्याहरुलाई सम्बोधन गरी तत् अनुसारको समाधानका उपायहरु पहिल्याउनु जरुरी छ। ती समाधानका उपायहरुलाई स्थानीय तहको योजनामा समावेश गरी कार्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयन गर्नु आवश्यक छ। विपद् व्यवस्थापन तीनै तहको सरकारको साझा कार्य भएपनि स्थानीय तह सबैभन्दा बढी जिम्मेवार हुन्। स्थानीय तहमार्फत जलवायुजन्य प्रकोपको सामना गर्न योजनाहरु तर्जुमा हुनु पनि त्यतिकै जरुरी छ। सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने भनी नेपाल सरकारले पनि प्रतिबद्धता जनाएको अवस्था छ। उक्त प्रतिबद्धता पूरा गर्न स्थानीय तहहरुको महत्वपूर्ण भूमिका रहेको छ।

स्थानीय तहहरुले सघन रुपमा वृक्षारोपण अभियान, विद्यालयहरुमा करेसाबारी तथा वृक्षारोपण, पोखरीहरुको जिर्णोद्धार तथा संरक्षण, माछापालन पोखरी निर्माण गरी जिविकोपार्जनमा विविधीकरण ल्याउने, पानीको पुनःप्रयोग गर्ने नीति बनाउनुपर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्नु जरुरी छ। तसर्थ, स्थानीय तहहरु जिम्मेवार र ईमान्दार भई यसतर्फ कदम चाल्नुपर्छ।

# गणतन्त्र र धर्म निरपेक्षताको विरोधमा आन्दोलन गर्ने दललाई कारबाही गर्न आयोगमा उजुरी

काठमाडौँ, २१ जेठ (रासस)।

संविधान बमोजिम निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलबाट समेत संविधानको प्रस्तावनाविपरीत गणतन्त्र र धर्म निरपेक्षताको विरोधमा आन्दोलन भएको भन्दै त्यस्ता दललाई कारबाही गर्न निर्वाचन आयोगमा उजुरी परेको छ।

काठमाडौँको टोखा नगरपालिका-८ निवासी अधिवक्ता डा प्रेमराज सिलवालले आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी र अधिकारीहरूलाई भेटेर सोमबार उजुरी दर्ता गर्नुभएको हो। निवेदनमा आयोगमा दर्ता भएर सङ्घीय संसद्मा प्रतिनिधित्व गर्दै आएको राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत नेपालको संविधान र गणतान्त्रिक संवैधानिक प्रणालीविरोधी सडक प्रदर्शन गरिरहेका र सो संविधान र कानुनविपरीत भएको जिकिर गरिएको छ।

संविधानको धारा २६९ (१) मा 'समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिले धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तरगत बनेको कानुनको अधिनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचारप्रसार गर्न, गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्ने भनिएकाले सोको परिपालना हुनुपर्ने निवेदनमा उल्लेख छ।

यस्तै, संविधानको धारा २७४ मा संविधानको संशोधन गर्दा समेत 'जनतामा निहीत सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधानको संशोधन गर्न नसकिने' कुराको सुनिश्चितता गरिएबाट नेपालको संविधानको आधारभूत संरचना, चरित्र र संवैधानिक प्रबन्ध लोकतान्त्रिक, गणतान्त्रिक रहेको स्पष्टै रहेकाले संवैधानिक प्रबन्धलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत २०८२ जेठ १५ गतेदेखि गरेको आन्दोलनको नाममा गम्भीर प्रकारले उल्लङ्घन गरेकाले कारबाही गर्न माग गरिएको छ।

अधिवक्ता डा सिलवालले विधानसमेत पेस गरेको उक्त दलसँग स्पष्टीकरण लिई आन्दोलनका नाममा भएका संविधान तथा कानुनविरोधी कार्य रोक्न र त्यस्ता कार्य गरेकाले दलको दर्ता खारेजी गर्ने सम्मको कानुनी कारबाहीका लागि नेपाल सरकारको तर्फबाट आयोगमा लेखी पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि निवेदन दिएको जानकारी दिनुभयो।

# विपद् कोषमा चार अर्ब ६५ करोड बढी मौज्दात

काठमाडौँ, २१ जेठ (रासस)।

सरकारले विपद् व्यवस्थापन कोषमा रु चार अर्ब ६५ करोड २४ लाख मौज्दात रहेको जानकारी दिएको छ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बन्धुप्रसाद बाँस्तोलाले विपद्का समयमा आपतकालीन अवस्थाका लागि प्रयोग गर्न सकिने गरी उक्त रकम मौज्दात रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक अर्ब ८९ करोड २९ लाख, केन्द्रीय विपद् व्यवस्थापन कोषमा रु एक अर्ब २७ करोड ४७ लाख, प्रदेश विपद् व्यवस्थापन कोषमा रु ७९ करोड ४१ लाख मौज्दात रहेको छ।

कोशीमा रु छ करोड, ९० लाख, मधेसमा रु ११ करोड ७८ लाख, बागमतीमा रु सात करोड ५८ लाख, गण्डकीमा रु २५ करोड, लुम्बिनीमा रु छ करोड ५० लाख, कर्णालीमा रु नौ करोड ५२ लाख र सुदुरपश्चिम प्रदेशमा रु ११ करोड ८९ लाख मौज्दात रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका निमित्त कार्यकारी प्रमुख बाँस्तोलाले ७७ वटै जिल्लाका कोषमा रु ६९ करोड पाँच लाख मौज्दात रहेको जानकारी दिनुभयो। प्राधिकरणले यसवर्षको मनसुन पूर्वतयारी तथा प्रतिकर्याका लागि आवश्यक तयारी तीव्र गरिएको र विभिन्न निकायलाई जिम्मेवारीसमेत तोकेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "सबै क्लष्टरलाई आपतकालीन अस्वथाका लागि पूर्णतयारीसहित जिम्मेवारी तोकिसकिएको छ। विपद्का घटना भइहाले तत्काल परिचालन हुनेगरी सबै तयारीका काम सकिएको छ।" कोषमा मौज्दात रहेको रकम आपतकालीन अवस्थामा आवश्यकता अनुसार तत्काल परिचालन हुने उहाँले बताउनुभयो।

# यातायात व्यवसायीको आन्दोलन फिर्ता, सार्वजनिक सवारीसाधन चल्ने

काठमाडौँ, २० जेठ (रासस)।

यातायात व्यवसायीले आफ्ना सबै आन्दोलन फिर्ता लिएका छन्। गण्डकी प्रदेश सरकारले एक महिनाका लागि राइड सेयरिङ नियमावली स्थगन गर्ने निर्णय गरेसँगै व्यवसायीले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेका हुन्।

आन्दोलन स्थगनसँगै सार्वजनिक सवारीसाधन मंगलबारैदेखि सञ्चालनमा आउने भएका छन्। सोमबार नै सरकार र यातायात व्यवसायीबीच मध्यरातमा सहमति भएको थियो। सहमति भए पनि मंगलबार सार्वजनिक यातायात नचल्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको थियो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वाँरले आन्दोलनका कार्यक्रम स्थगित भएको जानकारी दिनुभयो। आन्दोलनका कार्यक्रम फिर्ता लिएसँगै मंगलबारैदेखि सार्वजनिक यातायात सहज रूपमा चल्ने छ।

सोमबार गृहमन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका उच्च पदस्थ अधिकारी र यातायात व्यवसायीबीच पटक-पटक वार्ता पश्चात् सहमति भएको थियो। सहमतिलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत गण्डकी प्रदेश सरकारसमक्ष पठाइएको थियो। सोही सहमतिका आधारमा गण्डकी सरकारले नियमावली स्थगन गरेको हो।

सङ्घीय सरकारसँग सहमति भए पनि प्रदेश सरकारले नियमावली स्थगन नगर्दासम्म आन्दोलन जारी रहने भन्दै व्यवसायीले मंगलबार दिनभर सवारी साधन नचलाउँदा त्यसको मारमा आम नागरिक परेका थिए।

# 'जलवायु परिवर्तनका असरबाट नेपाल सबैभन्दा बढी प्रभावित छ'

काठमाडौँ, २१ जेठ (रासस)।

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जलवायु परिवर्तनका असरबाट नेपाल विश्वको तुलनामा सबैभन्दा बढी प्रभावित मध्येको मुलुक भएको बताउनुभएको छ।

आज साथसाथै संस्थाको कोइला ऊर्जाको प्रयोग बन्द गर्नुपर्ने अभियानसम्बन्धी ज्ञापनपत्र बुझ्दै नेपालले नगन्य मात्रामा कार्बन उत्सर्जन गरे पनि जलवायुका कारण प्राकृतिक विपद्का घटना बेहोर्नु परेको बताउनुभयो। यसको क्षतिपूर्तिका लागि विश्वव्यापी पहल आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

सभापति देउवाले विश्वव्यापी तापमान वृद्धिका कारण नेपालका हिमाल पग्लिने क्रम बढेको, अस्वभाविक मौसमले जनजीवनमा ठूलो प्रभाव परेको बताउँदै यस सम्बन्धमा विश्वको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले आफूले संयुक्त अधिराज्यको ग्लास्गोमा सन् २०२१ मा भएको कोप-२६ सम्मेलनमा नेपालका तर्फबाट सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको स्मरण गर्दै अब नेपालले विद्युतीय ऊर्जाको प्रयोग बढाउँदै जानुपर्ने धारणा व्यक्त गर्नुभयो।

सो अवसरमा साथसाथैका अध्यक्ष प्रजिता कार्कीले नेपालमा नवीकरणीय र स्वच्छ ऊर्जाको प्रयोग बढाएर कोइलाजस्ता जीवाष्म ऊर्जाको प्रयोग बन्द गर्न सबैको पहल आवश्यक रहेकामा जोड दिनुभयो।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : तिरहुत गाउँपालिका


## विश्व समाचार

# गाजामा २०० पत्रकार तथा मिडियाकर्मीको मृत्यु : इएफजे

बुडापेस्ट, २१ जेठ (रासस/क्यूएनए)।

युरोपेली पत्रकार महासङ्घ (इएफजे)ले इजरायली आक्रमणलाई पत्रकारहरूमाथिको अकल्पनीय नरसंहार भन्दै सन् २०२३ अक्टोबरदेखि गाजामा आक्रमणको क्रममा २०० पत्रकार तथा मिडियाकर्मीको हत्या भएको जनाएको छ। बुडापेस्टमा दुई दिनको बैठकपछि बुधबार जारी गरिएको विज्ञप्तिमा इएफजेले गाजामा पत्रकार सहित सर्वसाधारणमाथि भएको घातक हमलाको निन्दा गरेको छ। संयुक्त घोषणापत्रमा ४७ युरोपेली देशहरूमा ईएफजेका १२० सदस्यहरूले हस्ताक्षर गरेका छन्। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय निकायले इजरायली आक्रमणलाई नरसंहारको रूपमा वर्णन गरिरहेको बेला इजरायली सेनाले युद्ध अपराधका साक्षीहरूलाई चुप गराउन गाजामा मिडिया बन्द गर्न खोजिरहेको विज्ञप्तिमा उल्लेख छ। पत्रकारका रूपमा मौलिक मानव अधिकार प्रेस स्वतन्त्रताका लागि उनीहरूको अक्रमण्यताको निन्दा गर्दै पीडित प्यालेस्टिनी सहकर्मीहरूसँग एकता व्यक्त गरी अधिकारको माग गर्नु पत्रकारको कर्तव्य भएको इएफजेले बताएको छ।

इएफजेले मिडिया व्यवसायी र पत्रकारहरूलाई युरोपेली प्रतिक्रियामा आफ्ना प्यालेस्टिनी सहकमीसँग एकतावद्ध भई प्रतीकात्मक सतर्कता आयोजना गर्न आह्वान गरेको छ। बैठकले ईयू निर्देशक समितिलाई प्यालेस्टिनी पत्रकारहरूको सुरक्षा गर्न र मध्य पूर्वमा सूचनाको स्वतन्त्रताको ग्यारेन्टी गर्न सबै ईयू संस्थाहरूसँग मिलेर हस्तक्षेप गर्न पनि आह्वान गरेको छ। इएफजेले पत्रकारलगायत नागरिकहरूको नरसंहार अन्त्य गर्न, अपराधीलाई दण्डमुक्त गर्ने परिपाटीको अन्त्य गर्न र गाजामा तुरुन्तै अन्तर्राष्ट्रिय मिडियाको पहँच कायम गर्दै युद्धविरामको आह्वान गरेको छ।

# जापानमा जन्मदरमा निरन्तर कमी, गत बर्ष सात लाखभन्दा कम शिशुको जन्म

टोकियो, २१ जेठ (रासस/एएफपी)।

जापानमा गत वर्ष पहिलो पटक सात लाखभन्दा कम शिशुले जन्म लिएको बुधबार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ। जापानले सन् २०२४ मा छ लाख ८६ हजार ६१ नवजात शिशुलाई स्वागत गरेको छ। योसन् २०२३ को तुलनामा ४१ हजार २२७ ले कम हो। यो सङ्ख्या सन् १८९९ मा रेकर्ड सुरु भएयताकै सबैभन्दा कम जन्मदर हो। विश्व बैङ्कका अनुसार कुल जनसङ्ख्याको आधारमा औसतमा हेर्दा विश्वको सबैभन्दा धेरै वृद्ध व्यक्तिहरूको जनसङ्ख्या भएको देश मोनाको हो भने दोस्रो स्थानमा जापान रहेको छ। प्रधानमन्त्री शिगेरु इशिबाले स्थितिलाई 'शान्त आपतकालीन अवस्था' को संज्ञा दिँदै यस प्रवृत्तिलाई उल्टाउन प्रयास गर्न थप लचिलो कार्य घण्टाजस्ता परिवार-अनुकूल उपायहरूको प्रतिज्ञा गरेका छन्। जापानको स्वास्थ्य मन्त्रालयको बुधबारको तथ्याङ्कअनुसार जापानको कुल प्रजनन दर (एक महिलाले बच्चा जन्माउने औसत सङ्ख्या) पनि १.१५ मा झरेको छ। जापानमा सन् २०२४ मा १६ लाख मानिसको मृत्यु भएको छ, जुन अघिल्लो वर्षको तुलनामा १.९ प्रतिशतले बढी हो।

जनसङ्ख्याका शिसाबले खुम्चिँदै गएका गाउँहरूमा वृद्धहरू झन्-झन् एक्लो हुँदै गएपछि प्रधानमन्त्री इशिबाले ग्रामीण क्षेत्रहरूको पुनरुत्थानको लागि आह्वान गर्नुभएको छ। जापानको आन्तरिक मामिला मन्त्रालयका अनुसार जापानमा २० हजारभन्दा बढी समुदायका अधिकांश बासिन्दा ६५ वर्ष वा सोभन्दा माथिका छन्। भण्डै १२ करोड ३० लाख जनसङ्ख्या भएको यो देशले वृद्ध उमेर भएका व्यक्तिको जनसङ्ख्या बढ्दै जाँदा कामदारको चरम अभावको सामना गरिरहेको छ। सरकारले यस समस्यालाई समाधान गर्न अपनाएको अपेक्षाकृत कडा अध्यागमन नियमले वृद्ध जनसङ्ख्यालाई सहयोगका लागि आवश्यक राहत दिन सकेको छैन। छिमेकी मुलुक दक्षिण कोरियामा सन् २०२४ मा प्रजनन दर जापानको तुलनामा अझै कम अर्थात् ०.७५ प्रतिशत रहेको छ। यो विश्वकै सबैभन्दा कम मध्येको एक हो तर विवाहमा भएको वृद्धिका कारण अघिल्लो वर्षको तुलनामा सन् २०२४ मा जन्मदरमा सामान्य वृद्धि भएको छ।

# किर्गिजस्तानका पूर्व राष्ट्रपतिलाई ११ वर्ष जेल सजाय

बिस्केक, किर्गिजस्तान, २१ जेठ (रासस/एएफपी)।

किर्गिजस्तानको एक अदालतले देशमा भ्रष्टाचार र व्यापक अशान्तिमा संलग्नता भएको अभियोगमा एक निर्वासित पूर्व राष्ट्रपतिलाई ११ वर्षभन्दा बढी जेल सजाय सुनाएको छ। सन् २०११ देखि २०१७ सम्म राष्ट्रपति रहेका अल्माज्बेक अताम्बायेभले निर्वाचित राष्ट्रपतिलाई गणतन्त्र किर्गिजस्तानको शान्तिपूर्ण सत्ता हस्तान्तरण गर्नुभएको थियो। सन् १९९१ मा सोभियत सङ्घको पतनसँगै स्वतन्त्रता प्राप्त गरेयता किर्गिजस्तानमा तीनवटा क्रान्ति भएका छन्। अताम्बायेभलाई पहिलो पटक अगस्ट २०१९ मा उहाँको निवासमा छापा मारी पक्राउ गरिएको थियो, त्यसपछि सन् २०२० को आन्दोलनबीच अस्थायी रूपमा मुक्त गरिएको थियो भने पछि उहाँलाई पुनः पक्राउ गरिएको थियो। सन् २०२३ मा स्वास्थ्यको कारण देखाउँदै उहाँ जेलबाट छुट्नुभएको थियो। उहाँ उपचारका लागि स्पेन जानुभएको थियो भने त्यसयता उहाँ स्वदेश फर्किनुभएको छैन।

एक नयाँ मुद्दामा अदालतले उहाँलाई अवैध रूपमा भूमि अधिग्रहण गरेको र सन् २०१९ अगस्तमा व्यापक अशान्तिमा भाग लिएको अभियोगमा दोषी ठहर गरेको छ। अदालतले उहाँको अनुपस्थितिमा साढे ११ वर्षको जेल सजाय सुनाएको छ। किर्गिजस्तानका वर्तमान राष्ट्रपति सादिर जापारोभले अताम्बायेभलाई आममाफी दिन आग्रह गरेमा आफूले माफी दिनेबारे विचार गर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, "घटना भएको छ वर्ष बितिसकेको छ। स्थिति शान्त भएको छ। मलाई लाग्छ, अदालत कम कठोर हुन सक्थ्यो," जापारोभले किर्गिजस्तानको राज्य सञ्चालित समाचार संस्था कबारसँग बताउनुभयो। जापारोभ सन् २०२० को आन्दोलनको बलमा सत्तामा स्थापित हुनुभएको थियो। यो देशलाई लामो समयदेखि मध्य एसियाको सबैभन्दा स्वतन्त्र र लोकतान्त्रिक देशको रूपमा हेरिएको थियो। हालैका वर्षहरूमा किर्गिजस्तानका सरकार र प्रशासकहरूले लोकतान्त्रिक प्रतिगमन अङ्गालेको र स्वतन्त्र नागरिक समाज र सञ्चार माध्यमहरूमाथि बढ्दो दमन गरेको भनी अधिकारवादी समूहहरूले आलोचना गरेका छन्।

# मुद्दा मिलाइदिन्छु भनी एक लाख ७० हजार ठगी गर्ने पक्राउ



**दैनिक समाचारदाता**
**सिरहा, २१ जेठ ।**

सवारी ज्यान मुद्दा मिलाइदिन्छु भन्दै रू एक लाख ७० हजार ठगी गर्ने एक व्यक्तिलाई सिरहा प्रहरीले सोमबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको विष्णुपुर गाउँपालिका-१ गौरीपुरका प्रमोदकुमार महतो रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिएका छन् ।

उनका अनुसार, सिरहा नगरपालिका-१६ माडरका विवेक यादव सवारी ज्यान मुद्दामा हिरासतमा रहँदा मुद्दा मिलाइदिने भन्दै महतोले रकम लिएका थिए । विवेककी आमा रानीदेवी यादवले आफूसँग उनले २०८१ असार २७ मा रू एक लाख ७० हजार लिएको जाहेरीमा उल्लेख गरेको प्रहरूले जनाएको छ ।

पीडितको जाहेरीका आधारमा प्रमोदलाई पक्राउ गरी प्रहरीले जिल्ला अदालत सिरहाबाट चार दिनको म्याद लिएर विस्तृत अनुसन्धान गरिरहेको भन्दै कसैले काम गराइदिन्छु भन्दै अनुचित लाभ लिन खोजेमा प्रमाणसहित प्रहरीमा उजुरी गर्न प्रहरी नायब उपरीक्षक पासवानले आग्रह गरे ।

# बैंकिङ सम्बन्धी कसुर मुद्दामा महतो पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, २१ जेठ ।**

जनकपुरस्थित रमण कन्स्ट्रक्सनका संचालक रहेका बलराम महतोका एक छोरा पवन महतो पक्राउ परेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा आर्थिक विभाग प्रमुख समेत रहेका बलराम महतोका छोरा पवन महतो बैंकिङ सम्बन्धी कसुर मुद्दामा पक्राउ परेका हुन् । बलराम भने आफ्ना अर्का छोरा रमण महतोसहित फरार छन् ।

मंगलबार काठमाडौंबाट पक्राउ परेका पवनलाई जिल्ला प्रहरी कार्यालय धनुषामा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिम्मा लगाइएको छ ।



जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान तथा कारवाही शाखाले बलराम महतोविरुद्ध ठगी मुद्दामा पक्राउ पूर्जी जारी गरेको थियो ।

बलराम महतोमाथि जनकपुरधाम उपमहानगरपालिका ४ का विष्णुदेव यादवका छोरा सन्तोषकुमार यादवले बैंकिङ सम्बन्धी कसुरमा उजुरी दिएका थिए । उजुरीका आधारमा सुरु भएको अनुसन्धानपछि बलराम महतो र उनका छोरा रमन हाल फरार रहेको धनुषा प्रहरीले जनाएको छ ।

स्रोतका अनुसार सन्तोषकुमार यादव र बलराम महतोबीच विगतमा करिब २५ करोड रुपैयाँ बराबरको व्यावसायिक कारोबार भएको थियो । तर, बलरामले ती मध्ये आफूले ८ करोड रुपैयाँ मात्र तिर्नुपर्ने दाबी गर्दै बाँकी रकम दिन अस्वीकार गरेपछि कानुनी विवाद चर्किएको थियोगरस् ।

सन्तोष यादवले अदालतमा मुद्दा दायर गरेपछि अनुसन्धान प्रक्रिया अघि बढेको थियो । सोही मुद्दामा पुनरावेदन अदालतले बलराम महतोलाई दोषी ठहर गरेको थियो । अदालतको फैसला आएपछि महतो सम्पर्कविहीन थिए ।

बलराम महतो धनुषाको साविक रघुनाथपुर गाविस ४ (हाल सवैला नगरपालिका १२) रघुनाथपुर कै स्थायी बासिन्दा हुन् । हाल उनी जनकपुरधाम उपमहानगरपालिका १३ मा बसोबास गर्दै आएका छन् ।

# सप्तरी जिल्लामा 'नवरत्न बीट मसाज २०२५' अभियान

**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

भारतको अग्रणी पर्सनल केयर तथा आयुर्वेदिक वेल्नेस कम्पनी मध्येको एक इमामी लिमिटेडले आफ्नो उत्कृष्ट उत्पादन नवरत्न तेलको उपभोक्तालाई प्रत्यक्ष अनुभव प्रदान गराउने उद्देश्यले नेपालभरि एक महत्वाकांक्षी नयाँ अभियान 'नवरत्न बीट मसाज २०२५' को शुभारम्भ गरेको छ ।




अभियान जेठ ११ बाट सुरु भएर साउन १७ सम्म नेपालको तराई क्षेत्रमा केन्द्रित भएर संचालन गरिने कम्पनीले जनाएको छ ।

अभियान अन्तरगत जेठ २० गते भगवती मन्दिर अगाडी र जेठ २१ गते कञ्चनरुपको कञ्चनरुप बजारमा सैलुन र मोबाइल स्टलमार्फत उपभोक्ताहरुलाई नवरत्न तेलको ठण्डा-ठण्डा कुल कुल अनुभव गराइएको थियो ।

७० दिने अभियानले पूर्वी तथा पश्चिमी नेपालका २४ जिल्लाहरू ओगट्ने जनाइएको छ । अभियान अन्तर्गत ३०० भन्दा बढी ब्राण्डेड सैलुनहरू र ६० वटा मोबाइल स्टलमार्फत निःशुल्क २ मिनेटको नवरत्न हेड मसाज प्रदान गरिने तथा यसबाट हजारौं उपभोक्ताहरूले दैनिक रूपमा नौ आयुर्वेदिक जडिबुटीहरूको शक्तिशाली मिश्रणबाट बनेको नवरत्न तेलको शीतलता र तनाव कम गर्ने फाइदाहरू अनुभव गर्न सक्ने जनाइएको छ ।

अभियानमा खटिएका दुई समर्पित टोलीले दैनिक १०० किलोमिटरभन्दा बढी यात्रा गर्नेछन् । उनीहरूले अन्तरक्रियात्मक स्टलहरू, सवारी साधनको ब्रान्डिङ, सार्वजनिक घोषणाहरू र २ मिनेट च्यालेन्ज, कूल कूल पर्फमेन्स जस्ता विभिन्न खेलहरू मार्फत उपभोक्ताहरूलाई प्रत्यक्ष अनुभव प्रदान गर्नेछन् ।

अभियानबाट प्रत्यक्ष संलग्नतामार्फत ६० हजार भन्दा बढी उपभोक्ताहरूसम्म पुग्ने कम्पनीले अपेक्षा गरेको छ । जसमा १२ हजार भन्दा बढी वेट स्याम्पलिङ (मसाज) र ३० हजार भन्दा बढी ड्राई स्याम्पलिङ (स्यासे वितरण) समावेश छन् ।

# जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिनुपर्ने

काठमाडौँ, २१ जेठ (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिनुपर्ने बताउनुभएको छ ।

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा बुधबार शुभकामना सन्देश जारी गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो ।

यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको कामना गर्दै राष्ट्रपतिले जातीय विभेद सामाजिक, नैतिक तथा मानवीय गरिमा विरुद्धको अपराध हो भन्नुभएको छ ।

सन्देशमा उहाँले सामाजिक जागरण र सबैमा समभावको विकास गर्न सबै जात-जाति र समुदायबीच आपसी सद्भाव, मेलमिलाप र सहयोगको भावना अभिवृद्धि गरी समतासहितको राष्ट्रिय एकतालाई सुदृढ बनाउन र जातीय छुवाछूत तथा विभेदविरुद्ध दृढतापूर्वक उभिदैं लोकतान्त्रिक राज्य प्रणालीलाई सार्थक बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

छुवाछूत तथा विभेदविरुद्ध लाग्न राष्ट्रपतिले सम्पूर्ण व्यक्ति, परिवार, समाज, तीनवटै तहका सरकारी निकाय, राजनीतिक दल, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र सञ्चारकर्मीलाई अझ बढी संवेदनशील हुन आह्वान गर्नुभएको छ ।

"नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ," सन्देशमा भनिएको छ ।

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसले आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा जातीय आधारमा हुने सबै प्रकारका विभेद तथा उत्पीडनको क्रमशः अन्त्यका लागि महत्वपूर्ण आधार निर्माण गर्न सम्बन्धित निकायहरूलाई प्रेरणा दिने विश्वास पनि राष्ट्रपतिले सन्देशमा व्यक्त गर्नुभएको छ ।

सोच, शैली, प्रथा एवं सामाजिक प्रचलन तथा व्यवहारमा सकारात्मक परिवर्तन ल्याई आपसी एकता, मेलमिलाप तथा सद्भावको अभिवृद्धिबाट सामाजिक व्यवहारमा रहेको जातीय भेदभाव तथा छुवाछूतजन्यलाई घटाउन सकिने विचार व्यक्त गर्दै राष्ट्रपति पौडेलले सन्देशमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसबाट सुसंस्कृत र छुवाछूतरहित समतामूलक समृद्ध राष्ट्र निर्माण गर्न सबैलाई प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको छ ।

विसं २०६३ जेठ २१ गते सरकारले मुलुकलाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरेको दिनको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गतेलाई 'जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस'का रूपमा मनाउन थालिएको हो ।

### *हायस र ट्रक...*

दुर्गाभगवती गाउँपालिका-५ बढहर्वाका १९ वर्षीय सरोज ठाकुर रहेका प्रहरी नायब उपरीक्षक राईले जानकारी दिए । ट्रक चालक ग्यालसेन ठोक्कर र हायस चालक आकाश सिंहलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालिएको उनले बताए ।

### *जातिय भेदभाव तथा ...*

शर्मा, माओवादी केन्द्रका दलित नेता छेदी रजक (विमल), प्रथमलाल राम, जगजीवन राम, वडाध्यक्ष गगांराम खंग, एमालेका डिक बहादुर विश्वकर्मा, पत्रकारद्वय देवराम यादव, राधेश्याम राम, शिवनाथ मण्डल, शिवदेव सदा, महेन्द्र खगं, सियाराम पासवान, कमल परियार, मोहनी साफी लगायतले जिल्लामा भईरहेको जातिय भेदभाव तथा छुवाछुतका घटनाहरु बारे प्रकाश पारेका थिए ।

# विशेष अदालतको फैसलाविरुद्ध अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ जेठ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्प विष संकलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि विनियोजित सरकारी रकम दुरुपयोग प्रकरणमा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

आयोगले मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाका तत्कालीन नगरप्रमुख मान बहादुर खड्का लगायतलाई प्रतिवादी बनाउँदै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश परियोजनाअनुसार नेपाल सरकार र प्रदेश सरकारको लागत साझेदारीमा सर्प विष संकलन, प्रशोधन तथा उत्पादन केन्द्र निर्माणका लागि सरकारी रकम विनियोजन गरिएको थियो । तर, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक गैरसरकारी संस्था र कम्पनीलाई लागत साझेदारी शून्य हुँदा पनि सरकारी रकम उपलब्ध गराइएको पाइएपछि आयोगले यो कार्य प्रचलित कानुनविपरीत भएको ठहर गर्दै मुद्दा दायर गरेको हो ।

आयोगका अनुसार विशेष अदालत, काठमाडौंले २०८१ साल असार २५ गते उक्त मुद्दामा आंशिक सफाइ दिएपछि आयोगले बुधबार सो फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

आयोगले प्रतिवादीहरूमाथि कैद, जरिवाना तथा दुरुपयोग भएको रकम असुल उपर गरिनुपर्ने माग गरेको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*